# भन्सार समाचार
# Customs News

**Customs and Business: Improving Performance Through Partnership** (भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार)

वर्ष - २ अङ्क-५ २०६७ साल जेठ १५ **( June 2010)** मासिक


## केन्द्रीय मूल्याङ्कन गोष्ठी सम्पन्न

भन्सार प्रशासनको केन्द्रीय मूल्याङ्कन गोष्ठी भन्सार विभागमा जेठ ६ गते सुरुगरी ७ गते सम्पन्न गरियो। यो गोष्ठी चालू आर्थिक वर्षमा दोस्रो पटक आयोजना भएकोहो।चालू आर्थिक वर्षको प्रथम केन्द्रीय मूल्याङ्कन गोष्ठी भन्सार विभागको सभाकक्षमा भदौ ८ गते सुरुगरी १० गते सम्पन्न गरिएको थियो। गोष्ठीमा अर्थ मन्त्रालयका पदाधिकारीहरू, भन्सार विभागका महानिर्देशक तथा उपमहानिर्देशक र अन्य पदाधिकारीहरू तथा भन्सार कार्यालयका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। गोष्ठीमा विगत ३ महिनामा पैठारी भएका मालवस्तुहरूको कारोबार मूल्यको अध्ययन र गरियो। गोष्ठीले GATT Valuation System को प्रभावकारी कार्यान्वयनद्वारा भन्सार विन्दुमा हुने न्यूनबीजकीकरण कम गर्दै वैध व्यापार सहजीकरण गर्ने प्रयोजनको लागी विभिन्न महत्वपूर्ण निर्णयहरू गरेको छ।

भन्सार विभागका महानिर्देशक नवराज भण्डारीको मन्तव्यबाट समापन गरिएको गोष्ठीको सुरुआत भन्सार विभागका उपमहानिर्देशक आनन्दराज ढकालको स्वागत मन्तव्यबाट गरिएको थियो। गोष्ठीको सुरुआत सत्रमा भन्सार विभागका महानिर्देशकले गोष्ठीको उपादेयताको बारेमा प्रकाश पार्दै गोष्ठीले भन्सार मूल्याङ्कनमा पारदर्शिता र एकरूपता कायम गर्न सकारात्मक योगदान पुऱ्याउने बताउनु भयो। उहाँले समापन सत्रमा मूल्याङ्कनलाई यथार्थपरक बनाउन, अन्तर भन्सार सूचना आदान प्रदानलाई प्रभावकारी बनाउन तथा आधुनिक विद्युतीय माध्यम समेतको प्रयोगबाट अन्तर्राष्ट्रिय मूल्यसूचीहरूलाई समेत सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न निर्देशन दिनु भयो। मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष शान्त वहादुर श्रेष्ठले भन्सार प्रशासनले मूल्याङ्कन गर्दा प्रचलित ऐन कानून र ग्याट मूल्याङ्कन प्रणाली र सिद्धान्तको प्रयोगमा पर्याप्त ध्यान नदिएको कारण मूल्याङ्कन सम्बन्धी मुद्दाहरूमा भन्सार प्रशासन हार्ने गरेको हुँदा यस कुरामा ध्यान पुऱ्याउन निर्देशन दिनु भयो। अर्थ मन्त्रालयका सहसचिव शान्तराज सुवेदीले संशोधित राजस्वको लक्ष्य पूरा गर्न मूल्याङ्कनको यथार्थतामा विशेष ध्यान पुऱ्याउन निर्देशन दिनु भयो।

कार्यक्रममा मूल्याङ्कन तथा पुनरावलोकन शाखाका निर्देशक शरदकान्त अधिकारीले कार्यपत्र प्रस्तुत गर्नु भयो।वहाँले मूल्याङ्कन सम्बन्धी हालको कानूनी व्यवस्था, हाल प्रयोगमा रहेको मूल्याङ्कन प्रक्रिया, मूल्याङ्कन प्रणालीलाई यथार्थपरक र सरल बनाउन विभागले चालेको कदम, मूल्याङ्कन प्रणालीमा देखा परेका व्यावहारिक समस्या तथा सोको निराकरणको लागि चालिनुपर्ने कदमका बारेमा प्रकाश पार्नु भयो। वैदेशिक व्यापारको वर्तमान अवस्था तथा खासगरी कारोबार मूल्यलाई मान्यता दिने सन्दर्भमा रहेका समस्या र समाधानका उपायहरूको बारेमा तेस्रो मुलुकको सन्दर्भमा वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत लावण्यकुमार ढकालले र भारतसँगको सन्दर्भमा भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत सुदीपचन्द्र शाहले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। वैदेशिक व्यापारको वर्तमान अवस्था तथा खासगरी कारोबार मूल्यलाई मान्यता दिने सन्दर्भमा रहेका समस्या र समाधानका उपायहरूको बारेमा व्यापक छलफल गरियो। गोष्ठीको अन्तिम सत्रमा तेस्रो मुलुक तथा भारतबाट पैठारी हुने मालवस्तुको सम्बन्धमा गोष्ठीमा भएको छलफलको निचोड प्रस्तुत गरियो। ग्याट मूल्याङ्कन प्रणालीको अझ प्रभावकारी कार्यान्वयन गरिने गोष्ठीको मुख्य निष्कर्ष रह्यो।



भन्सार समाचार
Customs News

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
नवराज भण्डारी

सल्लाहकार
आनन्दराज ढकाल
विष्णुप्रसाद पाण्डे
डिकरदेव भट्ट
कुलराज ज्ञवाली

प्रधान सम्पादक
श्यामप्रसाद दाहाल

सम्पादक
नीरद रेग्मी

मुद्रण
सूचना प्रविधि तथा
आधुनिकीररण शाखा,
भन्सार विभाग,
काठमाण्डौ
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail:
it@customs.gov.np

# भन्सार महानिर्देशकहरूको तेह्रौं सम्मेलनमा महानिर्देशक सहभागी

भन्सार विभागका महानिर्देशक नवराज भण्डारीले विश्व भन्सार सङ्गठनको एसिया प्रशान्त क्षेत्रका भन्सार महानिर्देशकहरूको तेह्रौं सम्मेलनमा भाग लिनुभयो । सम्मेलनमा एसिया प्रशान्त क्षेत्रका ३३ राष्ट्रका भन्सार प्रशासनका प्रमुखहरूको सहभागिता रहेको थियो। दक्षिण कोरियाको राजधानी सिउलमा २७ अप्रिल देखि ३० अप्रिल २०१० सम्म सञ्चालित सम्मेलनको उद्‌घाटन दक्षिण कोरियाका वित्त तथा रणनीतिक मन्त्री योन ट्युङ-युकले गर्नु भएको थियो। दक्षिण कोरियाले आयोजना गर्न लागेको G20 को बैठकको पूर्वसन्ध्यामा आयोजना भएको कारणले पनि सम्मेलनमा २१ औं शताब्दीमा भन्सार शीर्षकमा भएको छलफल महत्वपूर्ण मानिएको छ।

एसिया प्रशान्त क्षेत्रका भन्सार महानिर्देशकहरूको तेह्रौं सम्मेलनले आगामी २०१०-२०१२ को क्षेत्रीय रणनीतिक योजना स्वीकृत गरेको छ । उक्त रणनीतिक योजना मूलत: व्यापार सहजीकरण र सुरक्षा, भन्सार सम्बद्ध कानुनहरूको कार्यान्वयन र परिपालन, क्षमता अभिवृद्धि, अनुसन्धान र विश्लेषणका क्षेत्रमा केन्द्रित रहेको छ। यसै सम्मेलनले विश्व भन्सार सङ्गठनको ब्रसेल्समा हुने भन्सार महानिर्देशकहरूको विश्व सम्मेलनमा जुलाई २०१०-२०१२ जुनको निमित्त विश्व भन्सार सङ्गठनको रिक्त पदहरूका लागि विभिन्न देशहरूको भन्सार प्रशासनको उम्मेदवारीलाई समर्थनसमेत गरेको छ। सम्मेलनले एसिया प्रशान्त क्षेत्रको भन्सार प्रशासनको उपाध्यक्ष पदमा थाइल्याण्ड, नीति आयोगमा भारत, दक्षिण कोरिया, सिङ्गापुर र वित्त समितिमा चीन, जापान र मङ्गोलियाको उम्मेदवारीलाई समर्थन गरेको छ।

सम्मेलनले एसिया प्रशान्त क्षेत्रमा भन्सार प्रशासनको विकास एवं आपसी सहयोग अभिवृद्धिमा दक्षिण कोरियाले विगत दुई वर्षमा उल्लेखनीय योगदान गरेको चर्चा गर्दै क्षेत्रीय सदस्य राष्ट्रवीच व्यापार जटिलता, अवैध एवं अनधिकृत व्यापार र सुरक्षा संवेदनशीलताको सन्दर्भमा अझ सुद्रीढ एवं प्रभावकारी सहयोगको आवश्यकतामा जोड दिएको छ।



# व्यापारिक फर्महरूको कारोबार रोक्का

भन्सार विभागले २०६७ साल वैशाख १ गतेदेखि हालसम्म प्रचलित कानून बमोजिम आफ्नो दायित्व पूरा नगरेका विभिन्न व्यापारिक फर्महरूको निकासी पैठारी कारोबार रोक्का गरेको छ। यसरी कारोबार रोक्का हुनेहरूमा नेपाल सरकारलाई बुझाउनु पर्ने कर,शुल्क, महसुल आदि नबुझाउने र नियमित रुपमा बुझाउनुपर्ने कर विवरण नबुझाउने जस्ता व्यापारिक फार्महरू रहेको छन्। कारोबार रोक्का गरिएका फार्महरूमा एभ्को इन्टरनेशनल प्रा.लि. (पान ३०००६४९८०) आर.एन.डी. मेटल्स (पान ३०००७०५०५), सगरमाथा फ्लोर मिल (पान ३००२१३८३०), पायोनियर ट्रेडिङ इ. (पान ३०००१६६५३), के.बी.यू. जेनिथ उद्योग (पान ३०००६७६९३) रहेका छन्। त्यसै गरी अन्य १३ वटा फर्महरूले कर विवरण नबुझाएको कारणले आन्तरिक राजस्व कार्यालयले दर्ता खारेजी गरेकाले ती फार्महरूबाट समेत आयात निर्यात गर्न नपाउने गरी रोक लगाइएको छ।

<u>चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ७१ को व्यवस्था:</u> कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट तोकिएबमोजिम पुरस्कार दिइनेछ।

# भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न

भन्सार विभाग र संयुक्त राष्ट्र सङ्घीय विकास संस्थाको तत्वावधानमा २०६७ जेठ ५ गते भन्सार व्यवस्थापन, सुधार र स्वचालन सम्बन्धी कार्यशाला सम्पन्न भयो। कार्यशाला भन्सार विभागका महानिर्देशक नवराज भण्डारी, उपमहानिर्देशकहरू आनन्दराज ढकाल र विष्णुप्रसाद पाण्डेको समुपस्थितिमा सम्पन्न भएको थियो। साथै, कार्यशालामा भन्सार विभागका निर्देशक, कर्मचारीहरू र आशिकुडा लागेका ९ वटा भन्सार कार्यालयहरूका प्रमुखको सहभागिता रहेको थियो।

भन्सार कार्यालयहरूका प्रमुखले आफ्नो भन्सार कार्यालयको भन्सार सुधार एवं स्वचालन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रमा सुधारका पक्षहरूका अतिरिक्त भन्सार कार्यालयको समग्र वस्तुस्थिति, कार्यसम्पादन स्तर, समस्या एवं चुनौतीहरु समेटिएको थियो। प्रस्तुतीकरणका क्रममा भन्सार प्रमुखहरूले आफ्नो भन्सार कार्यालयले सम्पन्न गरेका केही उल्लेखनीय पक्षहरूका विषयमा पनि प्रकाश पार्नु भएको थियो।

वीरगन्ज भन्सारका प्रमुख भन्सार अधिकृत लावण्य ढकालले स्थानीय वीरगन्ज उद्योग बाणिज्य संघ र वीरगञ्ज भन्सार कार्यालयबीच एक समझदारी पत्रमा हस्तारक्षर गरी भन्सारका एजेन्टहरुले प्रज्ञापनपत्र प्रविष्टी गर्ने कक्ष सन्चालन गरेको र टान्सपोर्टर लगायतका निकासी पैठारीकर्तालाई अलग कक्षको व्यवस्था गरी व्यापार सहजीकरणलाई प्रोत्साहित गरेको चर्चा गर्नु भयो। भैरहवा भन्सारका प्रमुख भन्सार अधिकृत सुदीपचन्द्र शाहले भन्सार परिसर र गेटबाट हुने आवतजावतमा निगरानी बढाउन टावर खडा गरी नियन्त्रण पक्षलाई कसिलो बनाइएको धारणा व्यक्त गर्नु भयो। विराटनगर भन्सार कार्यालयका भन्सार अधिकृत मान वहादुर पौडेलले भन्सार हाताभित्र भन्सार एजेन्टहरूले भाडामा लिएको निजी कार्यालयमा नै आशिकुडाको ब्रोकर मोड्युलको विस्तार गरी भन्सार एजेन्टले आफ्नै कार्यालयबाट भन्सारमा प्रज्ञापनपत्र प्रविष्टि गरी सम्प्रेषण गर्ने व्यवस्था गरेको चर्चा गर्नु भयो। सुक्खा बन्दरगाह भन्सार कार्यालयका भन्सार अधिकृत भीमप्रसाद अधिकारीले भौतिक परीक्षण स्थलमै जाँचकी र अधिकृतको कक्ष स्थापना गरी जाँचपासलाई सहज बनाएको जानकारी दिनु भएको थियो। त्रि.वि स्थल भन्सार कार्यालयका प्रमुख भसार प्रशासक महेश्वर न्यौपानेले विदेशमा काम गरी फर्कने नेपालीले ल्याएको मालवस्तु जाँचपास एकद्वार द्वारा सहज बनाइएको र भौतिक परीक्षण गर्ने जाँचकीको छनौट आशिकुडा प्रणालीबाटै गरिने व्यवस्था रहेको जानकारी गराउनु भएको थियो। तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत चूडामणि देवकोटाले भन्सार एजेन्टहरुले प्रज्ञापनपत्र प्रविष्टी गर्दा अलग मूल्याँकनका वस्तुहरु अलग अलग प्रविष्टी गर्ने वाध्यात्मक व्यवस्था गरिएकाले मालवस्तुको प्रतिइकाई मूल्य आशिकुडा प्रणालीबाटै प्राप्त गर्न सकिने अवस्था रहेको जानकारी गराउनु भएको थियो। मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत डा. ज्ञानुराजा श्रेष्ठले आगन्तुकहरूको प्रवेशमा परिचय पत्र लागू गरिएको र छिट्टै नयाँ भवनमा स्थानान्तरण भएपछि जाँचपास सहज हुने जानकारी गराउनु भएको थियो। विभिन्न भन्सार कार्यालयका प्रमुखहरूको प्रस्तुतिबाट प्रायः सबै भन्सार कार्यालयको आ--आफ्नै प्रकारका अनुकरणीय पद्धतिहरू रहेकोले उक्त अनुकरणीय पद्धतिहरूको एक अर्कामा अनुकरण गरिएमा सबै भन्सार कार्यालयहरू लाभान्वित हुन सक्ने देखिन्छ।



# नेपालगञ्ज भन्सार कार्यालयको नयाँ भवनको निर्माण प्रक्रिया सुरु

नेपालगन्ज भन्सार कार्यालयले २०६७ सालको नयाँ वर्षको सुरुआत सँगै नयाँ भवनको निर्माण प्रक्रिया सुरु गरेको छ। कार्यालयको हालको प्रशासनिक भवन पुरानो र जीर्ण तथा अपर्याप्त साथै सीमा नाकाबाट टाढा रहेको कारण प्रशासनिक कुशलता कम भएको महसुस भएको कारण नयाँ भवन निर्माण गर्न लागिएको हो। भन्सार प्रशासनको बजेट व्यवस्थाबाट सो निर्माण कार्य हुन लागेको हो। हाल रहेको कार्यालय भवनबाट करिब ५०० मिटर दक्षिणतर्फ नेपाल भारत सीमाको जमुनाहा नाकामा यस कार्यालयको करिब ४ विगाहा क्षेत्रफलभित्र नयाँ भवन निर्माण हुन लागेको हो। यस स्थानमा करिब २ वर्षअगाडि देखि यात्रु शाखा सञ्चालनमा रहेको र अब बन्ने भवन यात्रु शाखाको नजिकै हुनेभएकोले राजस्वअसुलीमा समेत सकारात्मक प्रभाव पर्ने छ।

<u>मूल्याङ्कन पुनरावलोकन समिति सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ६१ को व्यवस्था:</u> भन्सार अधिकृतले मूल्याङ्कन सम्वन्धमा भन्सार ऐन बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र भन्सार ऐन बमोजिम गठित मुल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्ने छ।

# आ.ब. २०६६।०६७ बैशाख महिनाको कार्यालयगत तुलनात्मक राजस्व असुली बिवरण

## भन्सार महसुल, मू.अ.कर र अन्त:शुल्क

प्रारम्भिक

रु. ००० मा

| सि.नं | भन्सार कार्यालय | २०६५।६६ | | २०६६।६७ | | | | | गत आ.ब.को बैशाख महिनासम्म को असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६६।६७ बैशाख महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बैशाखमहिना को असुली | बैशाख महिनासम्मको असुली | बैशाख महिनाको लक्ष्य | बैशाख महिनाको असुली | लक्ष्यमा असुली प्रतिशत | बैशाख महिनासम्म को लक्ष्य | बैशाख महिनासम्म को असुली | | लक्ष्यमा असुली प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| १ | पशुपतिनगर | २६० | ३२६१ | ३१८ | ५१९ | ७६।३८ | ४००१ | ३२२० | (१।२७ | ८०।४७ | (७८१ |
| २ | मेची | १४८३६१ | ११४६४१३ | १७०१६० | ११८१६२ | ६०।३२ | १४०७६५४ | १२२७६५८ | ७।०९ | ८७।२१ | (१७९,९९६ |
| ३ | विराटनगर | ६०१९५६ | ४६७९०९५ | ७२२८३० | ७४९८०१ | १०३।७३ | ५६४०६४२ | ६६७८७१३ | ४२।७४ | ११८।४० | १,०३८,०७१ |
| ४ | सुनसरी | ५५३५ | १८९०७ | ६९७२ | ७३८९ | १०५।९८ | २३८१२ | ९०८७९ | ३८०।६६ | ३८१।६५ | ६७,०६७ |
| ५ | राजबिराज | ३५०४ | ३९८१७ | ४४१८ | ५४५ | ७।४९ | ४१६९१ | २२५४२ | (४३।३९ | ५४।०७ | (१९,१५० |
| ६ | सिराहा | ६०८५ | ३४९५४ | ६६११ | २४१४ | ३४।८६ | ४६२०६ | ३६०६२ | ३।१७ | ७८।०५ | (१०,१४४ |
| ७ | जनकपुर | ७९३२ | ७३२३१ | ९६४० | ४०४१ | २३।८० | ८८६९० | ४६७०७ | (३६।२२ | ५२।६६ | (४१,९८३ |
| ८ | जलेश्वर | १८९६९ | ८०६६८ | २३००२ | ५४५९ | १५।६० | १०२१८७ | २५२९३६ | २१३।५५ | २४७।५२ | १५०,७४९ |
| ९ | सर्लाही | ७१७४ | ६०२१२ | ८९६३ | ६१०२ | ४९।१७ | ७६१६६ | ६१५६५ | २।२५ | ८०।८३ | (१४,६०१ |
| १० | गौर | ४०२३ | ३०२५८ | ४९०० | ४६१२ | ९४।११ | ३६९८८ | ४८२९८ | ५९।६२ | १३०।५८ | ११,३१० |
| ११ | वीरगन्ज | २७१०२०५ | २४२२५८७३ | ३३५९५७५ | ३५७०३६६ | १००।३० | २९९४०३८१ | ३५२५९८१२ | ४५।५५ | ११७।७७ | ५,३१९,४३१ |
| १२ | सुक्खाबन्दरगाह | ४८७२९८ | ३९७९७३६ | ६०९५५१ | ३३५७१७ | ५३।३३ | ५०२०२३४ | ४७५७७५६ | १९।५५ | ९४।७७ | (२६२,४७९ |
| १३ | भैरहवा | ६९३६०८ | ५०७९९५८ | ८४१०९६ | ८४२२९४ | ९४।५२ | ६१४९९६५ | ८१८५७३८ | ६१।१४ | १३३।१० | २,०३५,७७३ |
| १४ | कृष्णनगर | ६५१२४ | ५०७७१८ | ८१३११ | ८१४३६ | ७३।२९ | ६३५८९८ | ६९६८५८ | ३७।२५ | १०९।५९ | ६०,९६० |
| १५ | कोइलावास | ० | ० | ११० | ५३ | ४८।२६ | ७५० | ३१७३ | ०।०० | ४२३।०६ | २,४२३ |
| १६ | नेपालगन्ज | ७४०१२ | ११५८७८७ | ९४६५५ | १४९००१ | १५७।४२ | १४३६५८४ | १६२८७०५ | ४०।५५ | ११३।३७ | १९२,१२१ |
| १७ | राजापुर | ३८१ | ४४७४ | ४६० | ६०९ | ६५।४६ | ४५७५ | ७०१५ | ५६।८० | १५३।३५ | २,४४० |
| १८ | कैलाली | ४२८१० | ३१६८०४ | ५१८७७ | ५२९५४ | ९३।६५ | ३८३१६८ | ४२४२१६ | ३३।९० | ११०।७१ | ४१,०४८ |
| १९ | कंचनपुर | २५६० | २७५३२ | ३१८० | २४३५ | ५८।२६ | ३३८६७ | ३०४५६ | १०।६२ | ८९।९३ | (३,४१० |
| २० | महाकाली | १४९ | ८५५ | १५० | २५१ | १६७।०२ | ८२२ | १७४१ | १०३।६५ | २११।९० | ९२० |
| २१ | त्रि.विमानस्थल | २६४१२१ | २४३९९६२ | ३२३३१३ | २४७४९६ | ७२।४१ | २९८५३०८ | २९६९९३९ | २१।७२ | ९९।४९ | (१५,३६९ |
| २२ | तातोपानी | २१०७४८ | १५१०२५७ | २०७९७४ | १७७८९० | ८५।५३ | १८५९७१३ | १८५८८१३ | २३।०८ | ९९।९५ | (९०० |
| २३ | रसुवा | ० | २५३ | ११० | ३ | २।०० | ११३० | २५६ | १।१९ | २२।६५ | (८७४ |
| | **जम्मा** | **५३५४८१५** | **४५४१९०२५** | **६५३११७७** | **६३५९५४६** | **९७।३७** | **५५९२०४३१** | **६४२९३०५६** | **४१।५६** | **११४।९७** | **८,३७२,६२५** |
| | अन्त:शुल्क फिर्ता | १५६२६८ | २५८३५०२ | ३५०००० | २०२६६१ | ५७।९० | २६००००० | २५९४५७६ | ०।४३ | ९९।७९ | (५,४२४ |
| | **कुल जम्मा** | **५५११०८३** | **४८००२५२७** | **६८८११७७** | **६५६२२०७** | **९५।३६** | **५८५२०४३१** | **६६८८७६३२** | **३९।३४** | **११४।३०** | **८,३६७,२०१** |

# आ.ब. २०६६।६७ बैशाख महिनाको शीर्षकगत राजस्व असुली बिवरण प्रारम्भिक रु.००० मा

| सि.नं. | राजस्व शीर्षक | आ.व. २०६६।६७ को वार्षिक लक्ष्य | आ.व.२०६५।६६ को असुली | | आ.व. ०६६।६७ बैशाखको | | आ.व. ०६६।६७ बैशाख महिनासम्मको | | असुली प्रतिशत | | | गत आ.व.को बैशाखसम्मको तुलनामा वृद्धि/ह्रास प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बैशाख महिनाको | बैशाख महिनासम्मको | लक्ष्य | असुली | लक्ष्य | असुली | वार्षिक लक्ष्यमा बैशाख सम्मको | बैशाखको लक्ष्यमा | बैशाखसम्म को लक्ष्यमा | |
| | (क) निकासी | १,०००,००० | ८९,७६३ | ५९७,६२१ | ११५,१०७ | २९२,६०६ | ७५३,५४८ | ६९३,७५३ | ६९।३८ | २५४।२० | ९२।०६ | १६।०९ |
| भन्सार तर्फको असुली | (ख) पैठारी | २८,१२५,७४० | २,१२९,५८४ | १७,१७६,२३४ | २,६९३,६८० | २,३३५,०७३ | २२,०२८,०३० | २४,१२७,५२२ | ८५।७८ | ८६।६९ | १०९।५३ | ४०।४७ |
| | (ग) कृषि सुधार शुल्क | ३५०,००० | ३३,०११ | ३७४,४८८ | २०,९२७ | ३६,८९८ | २६२,०७५ | ३४९,४१५ | ९९।८३ | १७६।३२ | १३३।३३ | (६।७० |
| | (घ) अन्य | २५०,००० | २५,३३६ | १४७,११७ | ३२,४१५ | १,०७२ | १९६,८०६ | १७१,२९५ | ६८।५२ | ३।३१ | ८७।०४ | १६।४३ |
| | जम्मा:– | २९,७२५,७४० | २,२७७,६९४ | १८,२९५,४६० | २,८६२,१२८ | २,६६५,६४९ | २३,२४०,०२९ | २५,३४१,९८५ | ८५।२५ | ९३।१४ | १०९।०४ | ३८।५२ |
| | (ङ) DRP Refund | ३,४००,००० | १५६,२६८ | २,५८३,५०२ | ३५०,००० | २०२,६६१ | २,६००,००० | २,५९४,५७६ | ७६।३१ | ५७।९० | ९९।७९ | ०।४३ |
| १ | भन्सार राजस्व जम्मा:– | ३३,१२५,७४० | २,४३३,९६२ | २०,८७८,९६२ | ३,२१२,१२८ | २,८६८,३१० | २५,८४०,०२९ | २७,९३६,५६१ | ८४।३३ | ८९।३० | १०८।११ | ३३।८० |
| २ | VAT (मु.अ.कर) | ३४,२५०,००० | २,६४२,३७६ | २३,३२४,२६८ | ३,०४९,८४८ | २,९६४,५०५ | २७,२५६,०८२ | ३०,६६१,९८० | ८९।५२ | ९७।२० | ११२।५० | ३१।४६ |
| ३ | अन्त:शुल्क | ७,२९०,००० | ४३४,७४५ | ३,७९९,२९६ | ६१९,२०१ | ७२९,३९२ | ५,४२४,३२० | ८,२८९,०८९ | ११३।७० | ११७।८० | १५२।८१ | ११८।१७ |
| | जम्मा (१,२ र ३) | ७४,६६५,७४० | ५,५११,०८३ | ४८,००२,५२६ | ६,८८१,१७७ | ६,५६२,२०७ | ५८,५२०,४३१ | ६६,८८७,६३० | ८९।५८ | ९५।३६ | ११४।३० | ३९।३४ |
| ४ | बिशेष शुल्क | | | | | | | | | | | |
| ५ | सडक सुधार शुल्क | | ८१,१६७ | ५८१,८२३ | | ८५,६५८ | | ६४४,१५७ | | | | १०।७१ |
| ६ | अन्य कर | | २८२,३०० | २,५३७,५९८ | | २,१४२ | | १३,६१६ | | | | |
| | जम्मा (४,५ र ६) | | ३६३,४६७ | ३,११९,४२१ | | ८७,८०० | | ६५७,७७३ | | | | |
| | कुल जम्मा | ७४६६५७४० | ५८७४५५० | ५११२१९४७ | ७२५७८९१ | ६६५०००८ | | ६७,५४५,४०४ | | | | |

**<u>बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घ उपरको उपचार सम्बन्धी भन्सार ऐन २०६४ को दफा ६८ को व्यवस्था:</u>** प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्ने छ।

**<u>भन्सारको कार्यमा अन्य निकायले हस्तक्षेप गर्न नहुने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ८८ को व्यवस्था:</u>** निकासी वा पैठारीको लागि भन्सार कार्यालयभित्र रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार कार्यालयबाट नहटाइएसम्म सो मालवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुँदैन।

# जोखिम व्यवस्थापन सचेतना कार्यशाला सम्पन्न

भन्सार विभाग र संयुक्त राष्ट्र सङ्घीय विकास संस्थाको तत्वावधानमा २०६७ जेठ ५ गते जोखिम व्यवस्थापन सचेतना कार्यशाला सम्पन्न भयो। कार्यक्रममा अर्थमन्त्री सुरेन्द्र पाण्डे, राजस्व सचिव रामेश्वर खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक राजन खनाल, भन्सार विभागका महानिर्देशक नवराज भण्डारी, उपमहानिर्देशक आनन्दराज ढकाल, महानिर्देशक विष्णुप्रसाद पाण्डे, सशस्त्र प्रहरीवलका अतिरिक्त महानिरीक्षक कोषराज वन्त, भन्सार विभागका निर्देशक तथा कर्मचारीहरू, आशिकुडा लागेका सबै ९ वटा भन्सार कार्यालयहरूका प्रमुखहरू , जाँचपास पछिको परीक्षण कार्यालयका प्रमुख हरिशरण पुडासैनी, र अङ्टाडका आसिकुडा विज्ञ तथा सल्लाहकारहरू रिनोड म्यासिनेट, राजेश त्रिपाठी, यादव अर्यालको सहभागिता रहेको थियो। सरोकार समूहको तर्फबाट नेपाल उद्योग बाणिज्य महासंघका प्रतिनिधि दिनेश श्रेष्ठ, वीरगन्ज उद्योग बाणिज्य महासंघका अध्यक्ष ओम प्रकाश सिकारिया, नेपाल निर्यात परिषदका अध्यक्ष नरेश दास लगायतका सरोकार समूह समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा उपमहानिर्देशक आनन्दराज ढकालले स्वागत मन्तव्य दिँदै सेमिनारको उद्देश्य बारे प्रकाश पार्नु भयो। वहाँले जोखिम व्यवस्थापन र स्वचालन एउटै सिक्कामा दुई पाटा रहेको धारणा व्यक्त गर्नु भयो।

कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत भएका थिए। नेपालको भन्सार प्रशासनमा जोखिम व्यवस्थापन र स्वचालन विषयको प्रथम कार्यपत्र आशिकुडा आयोजनाका राष्ट्रिय व्यवस्थापक तथा भन्सार विभागका निर्देशक श्यामप्रसाद दाहालले प्रस्तुत गर्नु भयो। जोखिम व्यवस्थापन र स्वचालनको माध्यमबाट सामाजिक सुरक्षा कायम गर्ने, सरकारको राजश्व अभिबृद्धि गर्ने र व्यापार सहजीकरणको माध्यमबाट सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्ने कुरा कार्यपत्रको निचोड रहेको थियो।

अङ्टाड अन्तर्गतको आसिकुडा आयोजनाका क्षेत्रीय कोअर्डिनेटर रिनोड म्यासिनेट Risk Management Road Ahead शीर्षकको दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा आसिकुडा कार्यान्वयनको सिलसिलामा अङ्टाडले हासिल गरेको अनुभव, वर्तमान गतिविधि र भावी योजनाको विषयमा प्रकाश पारिएको थियो।

कार्यपत्र प्रस्तुति पश्चात् भन्सार सुधार, जोखिम व्यवस्थापन र स्वचालन सम्बन्धमा उपस्थित व्यक्तित्वहरूले आफ्नो धारणा राख्नु भएको थियो। मन्तव्यको सिलसिलामा सरोकार समूहले जोखिम व्यवस्थापन तथा स्वचालन सम्बन्धमा सेवाग्राही तथा सरोकारवालाहरूलाई समेत तालिम प्रशिक्षणको व्यवस्था हुनु पर्ने माग गर्नु भएको थियो। वीरगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष ओम प्रकाश सिकारियाले आधुनिकीकरण, जोखिम व्यवस्थापन स्वचालनको लागि भौतिक पूर्वाधार विकासमा ध्यान पुर्‍याउनु पर्ने सुझाव पेस गर्नु भयो जसको लागि भन्सार सेवा शुल्क उपयोग गर्न सकिने उहाँको विचार थियो। नेपाल उद्योग बाणिज्य महासंघका प्रतिनिधि दिनेश श्रेष्ठले सुधार प्रक्रियालाई मूर्तरूप दिन सरकारको पूर्ण प्रतिवद्धता चाहिने र सरोकार समूहको सहभागिता बढाउनु पर्नेमा जोड दिनु भयो। सशस्त्र प्रहरीवलका अतिरिक्त महानिरीक्षक कोषराज वन्तले भन्सारमा विभिन्न प्रकारका जोखिमहरू भएको जसमा नक्कली प्रज्ञापनपत्रको प्रयोग, एउटै प्रज्ञापनपत्रको दोहोरो प्रयोग, झोले पोको तस्करको विगविगी जस्ता पक्षहरूको उजागर गर्दै सशस्त्र प्रहरीवल भन्सारको जोखिम व्यवस्थापनमा प्रतिवद्ध रहेको जानकारी गराउनु भयो। वक्तव्यको क्रममा भन्सार विभागका महानिर्देशक नवराज भण्डारीले परम्परागत भन्सार प्रशासनको अवधारणाबाट २१ औं शताब्दीको अत्याधुनिक भन्सार प्रशासनमा फड्को मार्ने कुरा आफैंमा चुनौतीपूर्ण रहेको विचार व्यक्त गर्दै विविध समस्या र चुनौतीहरूलाई चिर्दै सुधार प्रक्रिया अघि बढेको जानकारी दिनुभयो।

कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री सुरेन्द्र पाण्डेले आयोजना आफैंमा उपलब्धिमूलक भएको कुरा उल्लेख गर्दै राम्रो काम गर्न आफ्ना कमजोरी तर्फ ध्यान दिनु पर्ने राय व्यक्त गर्नु भएको थियो। भन्सार प्रशासनमा सदाचार प्रणालीलाई स्थायित्व दिनु पर्ने, सूचना सञ्जाल मार्फत मन्त्रीकै टेबुलबाट मूल्याङ्कनको प्रवृत्तिबारे थाहा पाउन सकिने व्यवस्था हुनु पर्ने धारणा व्यक्त गर्नु भयो। अर्थ सचिव रामेश्वर खनालले उपलब्धिमूलक कार्यक्रम आयोजनाको सराहना गर्नु भयो। वहाँले भन्सार प्रशासन आधुनिकीकरण र व्यापार सहजीकरण तर्फ उन्मुख भएकोमा सन्तोष व्यक्त गर्दै सरोकारवालाको गुनासाहरू स्वाभाविक भएको, सुधारका पाटाहरू धेरै भएकोले क्रमशः गुनासाहरूको सम्बोधन हुँदै जाने र भन्सार प्रक्रियाको सरलीकरण अर्थ प्रशासनको प्राथमिकताको विषय भएको बताउनु भयो।



# K9 कार्यशालामा कृष्णनगर भन्सारका प्रमुख सहभागी

जापानको टोकियोमा जेठ १० गते देखि सन्चालन भइरहेको WCO Regional Workshop on CANINE (K9) कार्यशालामा नेपालको भन्सार प्रशासनको तर्फबाट कृष्णनगर भन्सार कार्यालयका कार्यालय प्रहरीले गर्ने गरेको जानकारी गराउनु भयो। जेठ १६ गतेसम्म सन्चालित हुने कार्यशालाको व्यवहारिक खण्ड जापानको व्यस्त विमानस्थल नारिताको भन्सार कार्यालयमा सन्चालन हुनेछ।



प्रमुख लक्ष्मीप्रसाद पौडेल सहभागी हुनु भएको छ। K9 Program सीमानामा हुने लागूऔषधको ओसारपसार नियन्त्रणमा सक्रिय कार्यक्रम हो। कार्यशालामा पौडेलले नेपालमा K9 कार्यक्रम सन्चालन नभएको भए तापनि यस सम्बन्धी काम भन्सार प्रशासन समेतको सहयोगमा नेपाल कार्यशालामा अमेरिका, अष्ट्रेलीया, चाईना, फ्रान्स लगायतका २३ राष्ट्र तथा WCO र WCO ROCB का ३० जना प्रतिनिधिहरू सहभागी रहेका छन्।

# राजापुर भन्सार कार्यालयहरूको नयाँ भौतिक संरचना

राजापुर भन्सार कार्यालय अन्तर्गतको गुलरिया छोटी भन्सार कार्यालयले जेठ ४ गते देखि नवनिर्मित भवनबाट



आफ्नो प्रशासनिक कार्य सुरु गरेको छ। यस कार्यालयको साबिकको कार्यालय भवन २०५९ सालमा द्वन्द्वबाट पूर्ण ध्वस्त भइ भाडाको भवनबाट कार्यालय सन्चालन हुँदै आएको थियो। गुलरिया भन्सार छोटी भन्सार कार्यालय भए तापनि यसको मुल राजापुर भन्सार कार्यालय जिल्लाको सदरमुकामबाट टाढा तथा यातायातको दृष्टिकोणले विकट रहेको तथा यो कार्यालय सदरमुकाममा नै रहेको कारण यस छोटी भन्सार कार्यालयले राजापुर भन्सार कार्यालयको सम्पर्क कार्यालयको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। भारतीय भन्सार प्रशासनले यसको समकक्षी नाका मुर्तिया नाकालाई नेपाल भारत बीचको मूल नाकाको रुपमा स्वीकृत गरिसकेको हुँदा भविष्यमा यो नाका मूल भन्सार नाकाको रुपमा सन्चालन भएपछि राजस्व असुलीमा यसको महत्वपूर्ण योगदान रहने छ। नवनिर्मित भवन शान्ति तथा पुनः निर्माण मन्त्रालयको बजेट अन्तर्गत भवन डिबिजन कार्यालय नेपालगञ्जबाट निर्माण भएको हो। चालू आर्थिक वर्षमा सोही मन्त्रालयको बजेटबाट कार्यालयको गोदाम घर तथा कम्पाउन्ड पर्खाल निर्माण गर्ने योजना रहेको छ।

राजापुर भन्सार कार्यालयको नयाँ भवन निर्माणको लागि बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी बेनी माधव ज्ञवालीबाट हालै शिलान्यास गरिएको छ। भवन निर्माण शुभारम्भको लागि भन्सार कार्यालयका कार्यालय प्रमुख रामप्रसाद पोखरेलले पूजा अर्चना गर्नु भयो। राजापुर भन्सार कार्यालयको भवन पनि



२०५९ सालमा द्वन्द्वबाट पूर्ण ध्वस्त भई सानो र पुरानो आवास भवनबाट अति कठिन अवस्थामा कार्यालय सञ्चालन हुँदै आएको छ। निर्माण गरिने भवन भन्सार प्रशासनकै बजेट व्यवस्थाबाट निर्माण गरिन लागेको हो। यसको लागि टेण्डर प्रक्रिया समेत पूरा गरि सकिएको छ।

# भन्सार प्रशासनको कार्यसम्पादन स्तरमा विराटनगर भन्सार अग्र स्थानमा

चालू आर्थिक वर्षको प्रथम ९ महिनामा विराटनगर भन्सार कार्यालय कार्यसम्पादन स्तरमा सबैभन्दा अग्र स्थानमा रहन सफल भएको छ। यो स्तर निर्धारण कार्यसम्पादनमा आधारित प्रोत्साहन परिसूचकहरूका आधारमा गरिएको हो जसमा विराटनगर भन्सार कार्यालयले प्रथम ९ महिनामा औसत १७६.६१ अङ्क प्राप्त गरेको छ। प्रथम ९ महिनामा औसत ७१.६७, १६८.३९ र १६२.१७ अङ्क प्राप्त गरी कृष्णनगर, वीरगञ्ज र जलेश्वर भन्सार कार्यालय क्रमशः दोस्रो, तेस्रो र चौथो स्थान प्राप्त गर्न सफल भएका छन्। प्रथम ९ महिनामा २२ वटा भन्सार कार्यालयहरूको औसत अङ्क १३५ रहेको छ। यस अवधिमा १०० अङ्क भन्दा कम प्राप्त गर्ने कार्यालयहरूमा राजविराज, पशुपतिनगर र जनकपुर भन्सार कार्यालयहरू रहेका छन् जसले क्रमशः ७४.१७, ६६.३९ र ५९.१७ अङ्क प्राप्त गरेका छन्।

भन्सार विभागले चालू आर्थिक वर्षको प्रथम ९ महिनामा कार्यसम्पादन स्तरमा उच्च स्थान प्राप्त गर्ने प्रथम ४ वटा कार्यालयहरूलाई ए प्लस र त्यसपछिका उच्च स्थान प्राप्त गर्ने १० वटा कार्यालयहरूलाई ए ग्रेडिङ्ग गरी सम्मानित गरेको छ। विभागले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको परिसूचकहरूको आधारमा प्रथम ९ महिनामा १६० र सो भन्दा बढी अङ्क हासिल गर्ने कार्यालयलाई ए प्लस, १३० देखि १५९ सम्म अङ्क हासिल गर्ने कार्यालयलाई ए, १०० देखि १२९ सम्म अङ्क हासिल गर्ने कार्यालयलाई बि, ७० देखि ९९ सम्म अङ्क हासिल गर्ने कार्यालयलाई सि र ७० भन्दा कम अङ्क हासिल गर्ने कार्यालयलाई डि ग्रेडमा वर्गीकरण गरेको छ।

## भन्सार विभाग अन्तरगतका विभिन्न कार्यालयहरुको आ.व.२०६६।०६७ श्रावण देखि चैत्र महिनासम्मको स्वीकृत प्रोत्साहन भत्ता विवरण

| कार्यालय | २०६६ माघ | | | २०६६ फागुन | | | २०६६ चैत्र | | | श्रावण-चैत्र औसत | ९ महिनाको भत्ताको आधारमा कार्यालयको ग्रेडिङ्ग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संचालन | नियन्त्रण | कार्यालय प्रमुख | संचालन | नियन्त्रण | कार्यालय प्रमुख | संचालन | नियन्त्रण | कार्यालय प्रमुख | | |
| विराटनगर | १८५.०० | १९१.०० | १८८.०० | १८५.०० | १९१.०० | १८८.०० | १८५.०० | १८६.०० | १८५.५० | १७६.६१ | A+ |
| कृष्णनगर | १९०.०० | १७७.०० | १८३.५० | १८५.०० | १७७.०० | १८१.०० | १२६.०० | १३७.०० | १३१.५० | १७१.६७ | A+ |
| वीरगञ्ज | १८०.०० | १८६.०० | १८३.०० | १८०.०० | १८२.०० | १८१.०० | १७३.०० | १८२.०० | १७७.५० | १६८.३९ | A+ |
| जलेश्वर | १७८.०० | १७४.०० | १७६.०० | १७१.०० | १८४.०० | १७७.५० | १३८.०० | १३४.०० | १३६.०० | १६२.१७ | A+ |
| नेपालगञ्ज | १७८.०० | १७७.०० | १७७.५० | १७८.०० | १८२.०० | १८०.०० | १३८.०० | १४२.०० | १४०.०० | १५७.९४ | A |
| तातोपानी | १६८.०० | १७२.०० | १७०.०० | १४९.८२ | १६२.८२ | १५६.३२ | १२२.८३ | १३२.८३ | १२७.८३ | १५६.१३ | A |
| भैरहवा | १५६.०० | १८१.०० | १६८.५० | १५६.०० | १७६.०० | १६६.०० | १५६.०० | १७६.०० | १६६.०० | १५५.५० | A |
| सुनसरी | १७१.०० | १६९.०० | १७०.०० | १५९.०० | १६९.०० | १६४.०० | १५७.३० | १७०.३० | १६३.८० | १५५.४२ | A |
| राजापुर | १७८.०० | १६३.०० | १७०.५० | १७८.०० | १६८.०० | १७३.०० | १५४.०० | १५८.०० | १५६.०० | १५४.०० | A |
| महाकाली | १६१.०० | १८२.०० | १७१.५० | १६१.०० | १८२.०० | १७१.५० | १६१.०० | १८२.०० | १७१.५० | १५४.०० | A |
| गौर | १७१.०० | १६४.०० | १६७.५० | १८५.०० | १६४.०० | १७४.५० | १२६.०० | १२४.०० | १२५.०० | १४४.३३ | A |
| सुक्खाबन्दरगाह | १५०.०० | १२८.०० | १३९.०० | १८०.१४ | १६६.१४ | १७३.१४ | १८०.१४ | १५८.१४ | १६९.१४ | १४१.८१ | A |
| कैलाली | १५९.०० | १५४.०० | १५६.०० | १७६.०० | १५४.०० | १६५.०० | १६४.०० | १६४.०० | १६४.०० | १४०.८९ | A |
| विमानस्थल | १३८.०० | १९०.०० | १६४.०० | १३९.२४ | १९२.२४ | १६५.७४ | १४०.३० | १९२.३० | १६६.३० | १३८.७३ | A |
| मेची | १२५.०० | १२२.०० | १२३.५० | १०५.०० | १०२.०० | १०३.५० | १०३.०० | १०२.०० | १०२.५० | १२७.१९ | B |
| कञ्चनपुर | ९३.०० | १०४.०० | ९८.५० | १४५.०० | १४४.०० | १४४.५० | १०५.०० | ९४.०० | ९९.५० | ११९.३९ | B |
| कोइलावास | १५४.०० | १३५.०० | १४४.५० | १०७.०० | ९६.०० | १०१.५० | १०७.०० | ९६.०० | १०१.५० | ११७.५६ | B |
| सिराहा | ९८.०० | ६६.०० | ८२.०० | ७४.०० | ६१.०० | ६७.५० | ६१.०० | ३५.०० | ४८.०० | ११४.८३ | B |
| सर्लाही | ७३.०० | ७४.०० | ७३.५० | ७८.०० | ७४.०० | ७६.०० | ८६.०० | ९४.०० | ९०.०० | ११४.११ | B |
| राजविराज | ६१.०० | ६८.०० | ६४.५० | ५४.०० | ५८.०० | ५६.०० | ५४.०० | ६८.०० | ६१.०० | ७४.१७ | C |
| पशुपतिनगर | ८१.०० | ८८.०० | ८४.५० | ६१.०० | ६८.०० | ६४.५० | १०१.०० | १०८.०० | १०४.५० | ६६.३९ | D |
| जनकपुर | ११६.०० | ११३.०० | ११५.५० | ७३.०० | ६३.०० | ६८.०० | ६१.०० | ५९.०० | ६०.०० | ५९.१७ | D |
| कार्यालयगत औसत | १४३.८२ | १४४.४५ | १४४.१६ | १४०.०१ | १४१.६५ | १४०.८३ | १२७.२५ | १३१.५७ | १२९.४१ | १३५.०२ | A |

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फोन नं.४२५९७९१, ४२५९७९३ फ्याक्स : ४२५९८०८